घोडाघोडी नगरपालिकाका

नगर प्रमुख

श्री खडक बहादुर रावतले

२३ औ नगरसभाको बैठकमा प्रस्तुत गर्नु भएको

# आ.व. २०८३-०८४ को बार्षिक नीति तथा कार्यक्रम

**स्थानीय सरकार**

## घोडाघोडी  नगरपालिका

२०८३ असार २ गते  रोज  ३ शुभम

**सभाका सदस्यहरु,**

**समतामूलक, समृद्ध पर्यटकीय नगरी, पहिचान सहितको हाम्रो घोडाघोडी निर्माणको** संकल्प पुरा गर्न आम नगरवासीवाट अभूतपूर्ण मत सहित घोडाघोडी नगरपालिकाको नगर प्रमुखको रुपमा निर्वाचीत भई नगरपालिकाको दिगो विकास र समृद्धीको यात्रामा ४ वर्षे कार्यकाल पुरा गरि पाचौँ बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा राष्ट्र हित,लोकतन्त्र,अग्रगामी परिवर्तन र संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्तिका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र संघर्ष, थारुहट आन्दोलन,मधेश आन्दोलन, पछिल्लो नव युवापुस्ताहरुले गरेको आन्दोलन लगायत हाल सम्म भएका सम्पूर्ण आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै विभीन्न आन्दोलनको क्रममा घाईते तथा वेपत्ता र पिडित हुनु भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**सभाका सदस्हरु,**

स्थानीयतहको राजनैतिक एंव प्रशासनीक संरचना अरुतहको भन्दा भिन्न र स्थीर प्रकृतिको भएकोले हामीले निरन्तर रुपमा आफ्नो लक्ष्य र उदेश्यलाई सुशासन एंव समृद्ध घोडाघोडीको आधारको रुपमा अघि वढाउदै आएको व्यहोरा यँहाहरुलाई अवगतनै छ ।संघ,प्रदेश र स्थानीय तहको स्पष्ट अधिकार कार्यक्षेत्र,नीतिगत उल्झन, न्यून र सिमित आन्तरिक स्रोत, सिमित र अपरिपक्व संरचना, नागरिकका अकल्पनिय आवश्यकता र चाहनाका वीच पनि हामीले पछिल्लो ४ वर्षमा उल्लेखनिय उपलव्धि हासिल गरेको महसुश गर्दै आगामी आर्थिक बर्षमा थप सफलता हासिल गर्ने लक्ष्य लिएका छौ ।

**सभाका सदस्यहरु,**

अव म आगामी आर्थिक वर्ष २०८३-०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. **कृषि उत्पादनमा वृद्धी घोडाघोडी नगरको समृद्धिको** मूल मर्मलाई साकार पार्न कृषिको आधुनिकीकरण तथा यान्त्रिकरण मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धी गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका निमार्ण गरिने छ ।
२. **खेत बारीमा प्राबिधिक सेवा उत्पादनमा टेवा** पूर्याउन एक वडा एक कृषि/पशु प्राविधिक मार्फत सवै कृषकको घर दैलोमा सेवा प्रवाह गर्न कृषि भू सूचना सहितको डिजिटल कृषि प्रोफाइल तयार गरी किसानहरुको बर्गिकरण गर्दै किसान परिचयपत्र वितरण गरिनेछ ।
३. मोबाइल कृषि एप निर्माण गरि पालिकाबाट प्रवाह गरिने कृषि तथा पशुपन्छी सम्वन्धीका सेवाहरु, मौसमपूर्वानुमान, सम्भावित महामारी, रोग किरा र नव प्रवर्धन लगायतका विषयहरुमा जानकारी गराईनेछ साथै किसानहरुलाई जोखिम न्यूनिकरणका लागि विमा कार्यक्रम संग जोडन सचेतना गरिनेछ।

४. कृषि लाई पर्यावरणमैत्री र दिर्घकालीन वनाउन कार्वन क्रेडिट र कृषि वन प्रणालीलाई प्रोत्सान गर्ने सरकारी,सार्वजनिक एंव नीजि संघ,संस्था र सडक छैउछाउका क्षेत्रहरुमा पोषणयुक्त फलफुल वगैचा स्थापना गर्दै लगिनेछ।

५. कृषक र उपभोक्ता बीच सिधा सम्पर्क गर्न कृषि हाटवजार,कृषि मेला प्रदर्शनी,डिजिटल कृषिबजार सेवा विस्तार मार्फत **आलि देखि थाली सम्म** सुरक्षित,स्वस्थ र गुणस्तरीय उत्पादन र उपभोगमा सवैको पहुचँ पूर्याईने नीति लिईनेछ।

६. प्राकृतिक,प्राङगारीक तथा जैविक खेती प्रणाली लाई प्रोत्साहीत र रसायनीय खेती प्रणाली लाई निरुत्साहीत गर्दै माटो सुधारका लागि गडयौली मल,हरियो मल,जैविक मलको उत्पादन गर्ने किसानहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

७. सामुहिक खेती प्रणाली मार्फत पकेट क्षेत्र सञ्चालन गर्न कृषि समुह/सहकारीहरु लाई प्रोत्साहन गर्न निश्चित समयका लागि विउ पुजीको व्यवस्था गरिनेछ। चिप्स आलु पकेट कार्यक्रमलाइ निरन्तरता दिदै बसन्ते मकै,तरकारी लगायतका अन्य पकेट कार्यक्रम संचालन गरिने छ।

८. आर्थिक रुपले बिपन्न,भूमिहीन दलित,भूमिहिन सुकुम्वासी,एकल महिला,द्वन्द पिडित, मुक्त कमैया,मुक्त कमलरीहरुलाई करार खेती कार्यक्रममा जोडदै लगिनेछ साथै ईच्छुक कृषकहरुलाई करेसाबारी,च्याउ र मौरी पालन प्रोत्साहन कार्यक्रम संचालन गरिने छ।

९. नया सोच र नया प्रविधि सहितको प्रस्तावका आधारमा व्यवसायिक रुपमा खेति गर्न चाहने कृषक,फर्म, समुह वा सहकारीहरुका लागि मागमा आधारित कृषि कार्यक्रम संचालन गर्न निश्चित समयका लागि विउ पुजिको व्यवस्था गरिनेछ।

१०.खाध्यान्न बालीको बिउमा आत्मनिर्भर नगरपालिका वनाउनका लागि बीज बृद्धीका कार्यक्रम सञ्चालन गरीनेछ।रैथाने बाली प्रवर्धन कार्यक्रमलाई प्रोत्साहन गर्दै बाली सघनता वढाईनेछ। ठुला र आधुनिक कृषि फर्मलाई कृषि पर्यटन केन्द्रका रुपमा विकास गरि पर्यटक आकर्षित गर्ने र स्थानीय रैथाने खानपान सहितको होमस्टे प्रवर्धन गर्ने नीति अवलम्वन गरिनेछ।

११.पालिका भित्र दर्ता रहेका कृषक समुहहरुको नियमन तथा क्षमता विकास गरि बजारको माग अनुसार वस्तुहरु उत्पादन एंव वजारीकरण गर्न एक कृषक समुह एक उत्पादनको नीति लिईनेछ।

१२.स्थानीय उन्नत जातका पशुपन्छी प्रवर्द्धन गर्न एक घर एक गाई पालन गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

१३.युवा तथा महिलामैत्री लक्षित व्यवसायीक पशुपन्छीपालन तथा मतस्य कार्यक्रमलाई विशेष प्राथमिकता दिई पशुपालन उद्यम विकास कार्यक्रम सञ्चालन दिइनेछ।

१४.कृतिम तथा प्राकृतिक गर्भाधान मार्फत पशु तथा पशुजन्य उत्पादनमा वृद्धि गरीनेछ। पशु आहारामा सुधार गर्न घाँसका नर्सरी, श्रोत केन्द्र स्थापना र चरन क्षेत्र विस्तार गर्न पहल गरीनेछ।

१५.नियमित खोप, औषधि वितरण तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरि पशुमा लाग्ने संक्रामक तथा महामारीजन्य रोग नियन्त्रणलाई प्राथमिकता दिइनेछ।

१६.सामुदायिक चरन क्षेत्र संरक्षण एंव व्यवस्थापन गर्न उन्नत घाँस खेती तथा पोषण व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ।

१७.सामुदायिक पशु चौपाया व्यवस्थापनका लागि पशु चौपायाको ट्यागिङ तथा अभिलेखिकरण गर्ने,हरेक वडामा व्यवस्थित एंव वहुउदेश्यीय गौशाला निर्माण कार्यलाई प्राथमिकता दिईनेछ।

१८.**पशु बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु, गोठदेखि ओठ सम्म स्वच्छ र स्वस्थ दुध कार्यक्रम** अभियानका रुपमा संचालन गरी माछा, मासु, डेरि, मिठाई पसलहरुको गुणस्तर बृद्धि गर्ने कार्य लाई निरन्तरता दिईनेछ।

१९.एन्टिबायोटिक तथा हर्मोनल औषधिको अनावश्यक प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ साथै स्थानीय पशुपन्छी ( साकिनी,घाटी खुइले,उल्टे प्वाख,तराई बाख्रा,स्थानीय भेडा,खरि बाख्रा हुर्रा बंगुर ) आदि प्रर्बद्धन गर्ने नीति ल्याईने छ।

२०.सामाजिक तथा सास्कृतिक रुपले पछाडि परेका र आर्थिक रुपले विपन्न वर्ग (एकल ,द्वन्द पिडित, कमलरि, राजी, अपाङ्ग, दलित , मुक्त कमैया,एकल महिला र लोपोन्मुख जातीका महिला ) हरुका लागि **नगर उपप्रमुख गरीबी निवारण तथा लघु उद्यम** कार्यक्रम सञ्चालन गरीनेछ

२१.स्थानीय कच्चा पदार्थमा आधारित उधोग स्थापनाका लागि सिप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरि नागरिकको आयस्तर वृद्धि गर्न रोजगारी सिर्जना गर्दै लगिनेछ।

२२.स्थानीय उत्पादित वस्तुको बजारीकरणका लागि लेबलिङ/ प्याकेजिंग र ब्रान्डीङ गरि निर्यात प्रवर्धन गर्न कोशेली घर संचालनमा ल्याइनेछ|

२३. प्रति ऐलानी जमिनमा सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई दर्ता गर्न आवश्यक कानून तर्जुमा गरि सवै व्यवसाहरुलाई कानूनको दायरामा लिईनेछ साथै दर्ता प्रकृयालाई सहज र सरल बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

२४.नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरूको संस्थागत विकासका लागि प्रवर्धन,नियमन गर्दै एउटै प्रकृतीका सहकारी संस्थाहरुलाई मर्जरका लागि प्रोत्साहनको नीति लिईनेछ।

२५.सवै सहकारीहरुलाई व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी एउटै प्रकृतीका सहकारी संस्थाहरुमा दोहोरो सदस्यता लिने पद्धतीलाई निरुत्साहीत गर्दै निस्कृय सहकारीहरुलाई खारेज गर्दै लगिनेछ।

२६.स्थानीय सम्भावनाको अध्ययन गरी उत्पादन सहकारी मार्फत **एक वडा एक उद्योग कार्यक्रम** सञ्चालन गरी **गरौ उत्पादन राखौ पहिचान** कार्यक्रममा जोड दिईनेछ। स्थानीय मदिरा लाई व्यवसायीकरण र बजारीकरण गर्न आवश्यक पहल गरीनेछ।

२७.हाल सञ्चालनमा रहेको रोजगार सेवा केन्द्र लाई **रोजगार, सिप तथा उद्यमशीलता केन्द्रको** रुपमा रुपान्तरण गरि केन्द्रको प्रभावकारी सञ्चालन तथा दिगोपना सुनिश्चित गर्न सिप विकास र उद्यमशिलता प्रवर्धनमा संलग्न निकायहरुहरु विच कार्यगत दोहोरोपना नहुने गरि स्पष्ट कार्यढाचा तयार गर्दै रोजगारीको सृजना, सिप विकास तथा उद्यमशिलता प्रवर्धन गर्दै लगिनेछ।

२८.स्थानीय तहमा कृयाशिल तालिम प्रदायक संस्था,रोजगार दाता,वैंक तथा वित्तिय संस्था संग समन्वय र सहकार्य गरि श्रम बजार विश्लेषण तथा सिप विकास योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

२९.वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान,सिप,क्षमता,पुजी र प्रविधीको उपयोग गरि उद्यमशीलता प्रवर्धनका लागि सहुलियतपुर्ण कर्जा प्रवाह,व्यवसायीक योजना तयारी लगायतका विषयमा आवश्यक समन्वय र सहजिकरण सम्वन्धी कार्य गरिनेछ ।

३०.वैदेशिक रोजगारीमा जाने युवाहरूलाई वित्तीय साक्षरता, आधारभूत सूचना, पूर्व–अभिमुखीकरण,पूनःएकिकरण एवम् सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरीनेछ ।

३१.गुणस्तरीय, सुविधाजनक र सुरक्षित पर्यटन निर्माणका लागि सार्वजनिक नीजि साझेदारी पर्यटन सूचना केन्द्र र संग्रहालयको स्थापना गर्न पहल गरिनेछ ।ओजुवा ताल क्षेत्र संग जोडेर पशुपन्छिहरुको संरक्षण तथा उपचार/उद्धार केन्द्र निर्माण गरिनेछ ।

३२.वृहत घोडाघोडी तालको पर्यटन विकास गुरुयोजनालाइ अध्यावधिक गरि कार्यान्वयनमा ल्याइनेछ ।

३३.स्थानीय पहिचान दर्शाउने कला सस्कृतिको विकास गरी पर्यटनसँग आवद्ध गरीनेछ । लोक भाषा, संस्कृति, कला, धार्मिक साँस्कृतिक स्थल आदिको संरक्षण र प्रवर्धन गरीनेछ ।पर्यटकिय गतिविधिहरुलाई वातावरणमैत्री र जलवायु अनुकुल बनाउदै  लगिनेछ ।

३४.घोडाघोडी नगर क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्भावना बोकेका पर्यटकिय क्षेत्रहरूको पहिचान गरी handbook र e-book मार्फत स्थानीय तथा राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३५.पर्यटन लाई कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम सञ्चालन गरीनेछ ।

३६.नगरपालिकाको भूउपयोग योजना कार्यान्वयन  गरि भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको जग्गाको नापजाँच गरी जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराउन आवश्यक समन्वय गरिनेछ ।

३७.नगरपालिकाका सवै वडाहरुमा अव्यवस्थित,सरकारी विद्यालय,अस्पताल,पर्यटकीय स्थल एंव धार्मिक स्थलहरुको स्रोत नक्साङकन गर्दै लगिनेछ ।

३८.सिंचाई पूर्वाधार तथा सेवा व्यवस्थापनको यथार्थ विवरण अध्यावधिक गरी पानी प्रयोगको एकिकृत गुरु योजना तयार गरी प्राकृतिक जलाधारवाट हुने सिचाई प्रणाली लाई प्राथमिकता दिई सिमली, सिताकुण्ड, भदेलि, गोदनी,बग्धौली, रानीजमरा, झर्झरिया, रजबंधुवा, राजघाट,टेङना,गैडाखेडा वेतैनी, आमफाटा लगायतका सिचाई परियोजना निर्माणका लागि आवश्यक पहल गरीनेछ ।

३९.अभिभावक शैक्षिक चेतना कार्यक्रम सञ्चालन गरि सवै विद्यार्थीहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षामा जोडदै लगिनेछ । सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गराउन भर्ना अभियान संचालन गर्नुका साथै  कार्यतालिका वनाईन सवै विद्यालयहरुमा नियमितरुपमा अनुगमन,नियमन तथा सुपरीवेक्षण गरीनेछ ।

४०.सवै बिद्यालयमा योजनाबद्ध शिक्षण गरी सिकाई उपलव्धी बृद्धी गर्न शिक्षक दैनिक डायरीलाई निरन्तरता दिईनेछ साथै कक्षामा शिक्षकको समय विताउने अवधिलाई प्रभावकारी वनाउन दैनिक लगवुक कार्यान्वयनमा ल्याईनेछ ।

४१. सवै विद्यालयमा सुविधा सम्पन्न पूर्वाधार निर्माण गर्न आवश्यक कार्ययोजना बनाई लागु गरिनेछ । सामुदायिक विद्यालयमा निर्माण भएका ट्रस भवनहरुमा फलसिलिङ  गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४२.सवै बालबालिकाहरुलाई शिक्षण कार्यमा थप सहयोगका लागि उपचारात्मक कक्षाहरु संचालन गर्दै लगिनेछ ।

४३.स्थानीय पाठयक्रम परिमार्जन गरी पहिचान दर्शाउने पाठ्यसामग्रीको विकास गरी लागू गरीनेछ ।

४४.विपन्न र पछाडि परेका वा पारिएका वर्ग, लिङ्ग र समूहका वालावालिकाहरुलाई विद्यालय भित्र्याई टिकाउन छात्रवृत्ति, दिवा खाजा, पोषाक लगायत विशेष प्रोत्साहनजनक कार्यक्रम सञ्चालन गरीनेछ । अति गरीव तथा बिपन्न बर्गका बालबालिकाहरूलाई विपन्न लक्षित छात्रबृती र निःशुल्क शैक्षिक सामग्रिको व्यवस्था गरीनेछ ।

४५.विद्यालयलाई महिलामैत्री,वालमैत्री र अपाङ्गमैत्रीका साथै गुनासो सुनुवाई समितिको व्यवस्थापन गरी वालवालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्न आकर्षित गरीनेछ ।

४६.बालिका शिक्षालाई प्रोत्साहित गर्न छात्रा मैत्री शौचालय, स्यानेटरी प्याडको निरन्तर रुपमा उपलव्धता र व्यवस्थापन गरीनेछ ।

४७.बालबालिकाहरुका लागि दिवा  खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्दै स्थानीय उत्पादन र पोषण संग जोडदै लगिनेछ ।

४८.विद्यालयको समग्र विकासका लागि प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु तथा शैक्षिक संवाद समितिको बैठक नियमित गर्ने साथै बालबालिकाको शैक्षिक विकासमा नियमित अन्तरकृया कार्यक्रम सञ्चालन गरीनेछ ।

४९.विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गूणस्तर वृद्धि गरीनेछ । शैक्षिक नक्साङ्कन गरी सोही आधारमा विद्यालयको पुनःसंरचना गरी शिक्षक-विद्यार्थीको अनुपातका आधारमा शिक्षक  दरवन्दी मिलान गर्दै लगिनेछ ।

५०.शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायत वि. व्य. स. ,शिक्षक, विद्यार्थी,अभिभावक र कार्यपालिका सदस्यवीच नियमित रूपमा सम्वाद एवं अन्तरक्रिया गरीनेछ ।

५१.विद्यालयमा विद्युतीय शिक्षा, ई–पुस्तकालय, खेलमैदान,योग शिक्षा, सरसफाइ एवं वातावरणीय शिक्षा, नैतिक एवं शारीरिक शिक्षा,स्काउट शिक्षा जस्ता आधारभूत सुविधा उपलव्ध गराइनेछ ।

५२.संघ प्रदेश,नगरपालिका र शिक्षा क्षेत्रमाक्रियाशिल संघ संस्थाहरुको सहकार्य र समन्वयमा  शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्दै लगिनेछ ।

५३.आठ,दश र वाह्र कक्षामा उच्चतम अङ्क ल्याउने विद्यार्थी, विषय शिक्षक र विद्यालयलाई पुरस्कृत गरीनेछ

५४.विद्यालय तहमा ट्राफिक नियम तथा सडक सूरक्षाका सम्बन्धमा सचेतना कार्यक्रमहरू सञ्चालन गरीनेछ । साक्षरोत्तर तथा जीवनोपयोगी शिक्षाको विस्तार  गर्नुका साथै सामुदायिक सिकाई केन्द्र मार्फत डिजिटल साक्षरताका कक्षाहरु सञ्चालन गर्दै लगिनेछ ।

५५.विद्यालय स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण गरी वालवालिकालाई स्वच्छ पिउने पानीको व्यवस्थापन गर्दै लगिनेछ ।

५६.एक विद्यार्थी एक  विरुवा कार्यक्रम कार्यान्वयनमा ल्याई हरित वातावरण सहितको विद्यालय विकासमा जोड दिईनेछ।

५७.प्रारम्भिक बालबिकास केन्द्रका सहजकर्ता,विद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रका परिचालिका लगायत नगर अनुदानमा कार्यरत शिक्षक लाई नेपाल सरकारले निर्धारण गरे वमोजिम न्यूनतम मासिक पारिश्रमिक उपलव्ध गराईनेछ ।

५८.MBBS,विज्ञान,कृषि तथा पशु विज्ञान र वन विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरु लाई छात्रवृत्ती उपलव्ध गराउन आवश्यक कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

५९.१५ सैयाको घोडाघोडी नगर अस्पतालको निर्माण कार्य सम्पन्न गरि  आवश्यक पर्ने थप जनशक्ति, औजार उपकरण र अन्य भौतिक पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ ।

६०.सवै नगरवासिहरुलाई **"स्वास्थ्य बीमा कार्यक्रममा"** आवद्ध गर्न प्रोत्साहित गरिनेछ ।

६१.नसर्ने रोग र मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको समयमै पहिचान गरी परामर्श तथा प्रारम्भिक उपचार,जेष्ठ नागरीकहरुको आँखा जाँच, सुगर, ब्लड प्रेसर, महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्कृनिङ,सिकलसेल र अन्य स्वास्थ्य सेवामा सवैको पहुच समुदायस्तरमा पूर्याउन विषेशज्ञ सहितको **घूम्ती स्वास्थ्य सेवा शिबिर संचालन** गरीने छ।

६२.नगरपालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीको क्षमता विकास गरी महामारी तथा विपद जोखीम नियन्त्रण गर्न अत्यावश्यक औषधि तथा सामाग्रीहरु सहित तयारि अवस्थामा राख्ने व्यवस्था मिलाईनेछ ।

६३.समुदायस्तरमा मानसिक स्वास्थ्य प्रवर्द्धन तथा मनोसामाजिक सहयोग (MHPSS) सेवाको सुदृढीकरणका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, महिला समूह, किशोरकिशोरी तथा अन्य सरोकारवालाहरूलाई लक्षित क्षमता अभिवृद्धि, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६४.**पूर्णखोपमैत्री र पोषणमैत्री पालिका** निर्माण गर्न सुनौला १००० दिनका आमा र बालबालिकाहरुका लागि सचेतनामुलक कार्यक्रमहरुको आयोजना गरीनेछ |

६५.**"विद्यालय स्वास्थ्य शिक्षा"** कार्यक्रम मार्फत सवै विद्यालयका वालवालिकाहरुको स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६६. जोखिममा रहेका सुत्केरी आमाहरुका लागि **पोषण उपमेयर कोसेली** कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ ।

६७.ग्रामिण अल्ट्रासाउण्ड सेवा,शुन्य होम डेलिभरी, पूर्ण गर्भवती जाँच जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ |नगरपालिका भित्रका प्रसूती हुने महिलाहरु लाई घर वाट

पालिका भित्रका नजिकको वर्थिङ सेन्टर सम्म जान र प्रसुती भई सके पछी घर सम्म फर्किनको लागि निशुल्क एम्वुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।

६८.क्षयरोग, कुष्ठरोग, औलो, डेंगु, कालाजार, स्क्रब टाईफस लगायतका सरुवा रोगहरुको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरीनेछ | क्षयरोग मुक्त पालिका अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ |

६९.नेपाल रेडक्रस सोसाइटी सँगको सहयोग र सहकार्यमा निशुल्क रक्तदान कार्यक्रमको आयोजनालाई निरन्तरता प्रदान गरीनेछ |

७०.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मूल्यांकन गर्दै खोप, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूह परिचालन लगायतका कार्यमा उनीहरुको सक्रियता बढाउन प्रोत्साहन गरिनेछ।

७१.**सामाजिक सुरक्षा भत्ता सक्नेले छोडौ,नसक्नेलाई जोडौ** भन्ने भन्ने नीति कार्यान्वयन गर्ने नागरिकलाई सम्मान गरिनेछ।

७२.व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाको महत्व अभिवृद्धी गर्नका लागि  सचेतना शिक्षा, कार्यक्रम,पर्चा, पम्पलेट, रेडियो जिङ्गल तथा सडक नाटक र घुम्ती शिविर लगायतका कार्यक्रम सञ्चालन गरीनेछ।

७३.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण तथा नयाँ दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification प्रणाली लाई कार्यान्वयन गरिनेछ।

७४.व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा लाभग्राहीहरुका गुनासाहरुलाई दर्ता गर्ने व्यवस्था गरी गुनासो सुनुवाई समितिद्वारा सम्बोधन गरीने छ।

७५.सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सेवा प्रदायक वैंक मार्फत लाभग्राहीहरुलाई चेकवुक उपलव्ध गराई भत्ता वितरण कार्यलाई छिटो,छरितो र प्रभावकारी बनाईनेछ।

७६.लैंगिक समानता सामाजिक समावेसिकरण सम्वन्धी नीति तर्जुमा गरि विषयक्षेत्रगत नीतिहरूमा लैससास लाई प्राथमिकता दिदै लैङ्गिक संवेदनशील बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

७७.लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी तर्जुमा गरि कोष स्थापना गर्दै कार्यान्वयनमा ल्याईनेछ।

७८.बाल कोष स्थापान गरि वाल संरक्षण तथा प्रवर्धन कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

७९.जेष्ठनागरिक,विपन्न पछाडी परेका पहिला,वालवालिका,विपन्न दलित,द्वन्द पिडित ,मुक्त कमलरी/मुक्त कमैया, एकल महिला, लोपोन्मुख, सिमान्तकृत, जनजाती, लैंगिक तथा यौनिक अल्पसङख्यक, असहाय,मानसिक रुपमा विक्षिप्त भएका व्यक्तिहरु,युवा तथा किशोर किशोरीहरु र महिलाहरुको आवश्यकताहरुको प्राथमिकिकरण गरि ईच्छाशक्ती भएका व्यक्तीहरुको क्षमता विकास गर्दै सशक्त वनाउनुका साथै जिविकोपार्जनका कार्यक्रममा जोडदै लगिनेछ।

८०. महिला हिंसा, जातीय विभेद र सामाजिक कुसंस्कार, लागुपदार्थ दुर्व्यसनी, आत्महत्या, आत्मरक्षा, वालविवाह न्युनिकरण, विद्यालय स्तरमा सामाजिक सञ्जालको दुरुपयोग लगायतका जागरणमूलक सचेतना कार्यक्रम सञ्चालन गरीनुका साथै यस्ता प्रकारका घटनाहरूलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

८१.वौद्धिक अपांगता भएका व्यक्तिहरुका लागि विशेष विद्यालय मार्फत उनिहरुको शिक्षामा पहुँच पूर्याईनेछ ।

८२. बालमैत्री स्थानीय शासन घोषण गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरि सवै वडाहरुलाई क्रमश घोषणा गर्दै लगिनेछ ।

८३. योजना तर्जुमा,कार्यान्वयन,प्राप्त लाभको प्रतिफल वितरण लगायतका प्रक्रियामा सरोकारवाला सवैको समावेशीताका आधारमा सहभागिता सुनिश्चित गरीनेछ ।

८४.अपाङ्गता भएका व्यक्तिहरुको क्षमता पहिचान सहित तथ्याङ्क अध्यावधिक गर्ने तथा परिचयपत्र वितरण गर्न अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माणलाई प्राथमिकता दिईनेछ साथै ख बर्गका अपांग व्यक्तीहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८५.आफ्नो ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुर्याएको योगदानका आधारमा जेष्ठ नागरीक सम्मान कार्यक्रम सञ्चालन र व्यवस्थापन गरीनेछ ।

८६.नगरपालिकाको खानेपानी र सरसफाइ तथा स्वछता सम्वन्धी योजना बनाई कार्यान्वयनमा ल्याईनेछ । निर्माणाधिन खानेपानी योजनाहरुलाई सम्पन्न गर्न कार्ययोजना वनाईनेछ ।

८७.खानेपानीको स्रोत र सङ्कलन केन्द्रमा नै पानीको प्रशोधन गरी स्वच्छ पानी उपयोगका लागि जनचेतना अभिवृद्धि गरीनेछ ।

८८.पूर्ण सरसफाइ युक्त नगरपालिका घोषणा गर्न सरसफाइ अभियान,चेतना अभिवृद्धि,फोहोर विसर्जन वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ, एक वडा एक डम्पिङको नीति अवलम्वन गरिनेछ ।

८९. युवामा स्वयंसेवी भावनाको विकास गरी विपद् व्यवस्थापन तथा सामाजिक कार्यमा परिचालन गर्ने नीति लिईनेछ । स्काउट, रेडक्रस, खेलकुद जस्ता रचनात्मक काममा युवालाई संलग्न गराई उनिहरुलाई कुलतमा फस्नवाट वचाउदै सृजनशीलता का कार्यक्रममा जोडदै लगिनेछ ।

९०. युवाहरुलाई नगरपालिका क्षेत्रमा नै उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी **“ आत्मनिर्भर युवा अभियान कार्यक्रम"** सञ्चालन गरीनेछ ।

९१.खेलकुद तथा व्यायामका कार्यक्रमहरू विद्यालयको नियमित अङ्गको रूपमा विकास गरीनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्न विद्यालय खेलकुद शिक्षक तथा अतिरिक्त क्रियाकलापका शिक्षकहरूको क्षमता विकास गर्दै लगिनेछ ।

९२.सवैक्षेत्रका खेलकुदसंग सम्वन्धीत खेलाडीहरुको अभिलेखीकरण गरीनेछ । जिल्ला,प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा उत्कृष्ट प्रतिभा प्रस्फुटन गर्ने खेलाडीहरुलाई पुरष्कृत तथा सम्मान गरीनेछ ।

९३.नगरस्तरीय रङ्गशालाको निर्माण कार्यलाई तिब्र रुपमा अगाडी वढाईनेछ । प्रत्येक वडामा भएका खेलमैदनाहरुलाईस्तरोन्नती र विकास गर्दै लगिनेछ ।

९४.घोडाघोडी नगररिङरोड निर्माणको कार्य वडा न. २,६ हुदै क्रमस सवै वडालाई जोडने गरि निर्माण गर्न प्राथमिकताका साथ निरन्तर रुपमा अगाडी बढाईनेछ ।

९५.नगरपालिकाको सडक तथा यातायात गुरुयोजना निर्माण गरी क्रमस कार्यान्वयनमा ल्याईनेछ ।

९६.सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सवै सडकहरुलाई हरित सडकको रुपमा विकास गर्दै लगिनेछ ।

९७.नगरपालिका अन्तर्गतका कच्चि सडक र नया ट्र्याक खोलिएका वाटोहरुलाई पालिकाकै स्रोत साधनहरुबाट ग्रावेलिङ तथा स्तरोउन्नती गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

९८.उपभोक्ताहरुको उपभोग,संरक्षंण एंव सम्वर्धन संग प्रत्यक्ष रुपमा जोडिने तथा उपभोक्ताहरुको स्रोत,सिप र सहभागितामा निर्माण गर्न सकिने योजना तथा कार्यक्रमहरुमात्र  दर्ता गरिएको उपभोक्ता समिति मार्फत सञ्चालन  गर्ने नीति लिईनेछ  साथै उक्त योजना तथा कार्यक्रमहरु नगरपालिकाले स्वीकार गरि सम्वन्धी उपभोक्ताहरुलाई हस्तान्तरण  गर्दै लगिनेछ ।

९९.उपभोक्ता समितिको लागत साझेदारी १० % मा सुनिश्चितता गरीनेछ । साथै सम्पूर्ण निर्माणका कामहरुमा २ % कन्टेन्जेन्सी र २ % मर्मत सम्भार खर्च कट्टी गरि  अनिवार्य रुपमा कन्टेन्जेन्सी तथा मर्मत कोषमा जम्मा गरिनेछ ।

**१००.** घोडाघोडी, वुलवुले, आस्नावावा, वुटकावावा, चिडियाताल,खुशिराम पार्क,सिताकुवा लगायतका पर्यटकिय स्थलहरुमा व्यवस्थित पार्किङ क्षेत्र निर्माण गर्दै  लगिनेछ ।

**१०१.** नगर क्षेत्र भीत्र सञ्चालन हुने तीन पाङग्रे सवारी साधनहरुलाई  नगरपालिकामै दर्ता गरि रुट प्रमिट दिने बार्षिक रुपमा नविकरण गरि सुरक्षित एंव व्यवस्थित रुपमा सञ्चालन  गर्दै लगिनेछ । साथै उक्त सवारी साधन सञ्चालनका लागि आवश्यक प्राकिङ स्थल निर्माण गरिनेछ ।

**१०२.** भवन निर्माण मापदण्ड परिमार्जन गरी सोहि अनुसार भवन मापदण्डलाई कडाइका साथ पालना गरीनेछ। नयाँ निर्माण हुने संस्थागत भवन संरचनाहरूमा अनिवार्य रूपमा पहुचयुक्तताको नीति अवलम्बन गरीनेछ । भुकम्प प्रतिरोधात्मक संरचना निर्माणका लागि डकर्मीहरुलाई भवन निर्माण सम्वन्धी तालिम प्रदान गरीनेछ ।

**१०३.** नगरपालिका भित्र निर्माण हुने सार्वजनिक,नीजि,संस्थागत भवनहरुको नक्सा पास गर्दा घर अगाडी अनिवार्य रुपमा दुईटा विरुवा लगाउनु पर्ने नीति लिईनेछ ।

**१०४.** मुक्त कमैया , दलित, लोपोन्मुख जातीका नागरीक र आर्थिक रुपमा विपन्न नागरीकका लागि नगर प्रमुख सुरक्षित नागरीक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**१०५.** घनाबस्ति तथा बजारक्षेत्रमा फायर हाइड्रेन्टको लागि आवश्यक स्थानहरूको विस्तृत अध्ययन गरी कार्यान्वयन गर्दै लगिनेछ ।

**१०६.** अनलाईन घर नक्सा पास प्रणाली(EBPS)  तयार गरि लागु गरिनेछ ।

**१०७.** घोडाघोडी ताल क्षेत्रमा थारु मरुवाको रुपमा रहेको मन्दिरलाई धार्मिक तथा पर्यटकिय विकास गर्न विशाल मन्दिर निर्माणका लागि DPR तयार गरी निर्माणका लागि आवस्यक पहल गरीनेछ  साथै उक्त क्षेत्र सांस्कृतीक सङग्रालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१०८. भगवान र भक्तहरुको विचमा अन्योन्याश्रित सम्वन्ध कायम गर्दै सकारात्मक सोचको विकासलाई प्रत्येक वडामा प्रयोग विहिन अवस्थामा रहेका सरकारी भवनहरुको तथ्यांक संकलन गरि उक्त भवनहरुलाई ध्यान केन्द्रमा रुपानतरण गर्दै लगिनेछ।

१०९. नगरपालिका क्षेत्र भित्र वालवालिका,महिला,जेष्ठनागरिक एंव अपांगता र वातावरणमैत्रि खुल्ला व्यामशाला निर्माण गरि कार्यान्वयनमा लिइनेछ।

११०. नगरपालिकाका सवै वडामा घर नम्वर प्रणाली मार्फत सवै क्षेत्रका विवरण प्राप्त हुने गरि Digital Profile तर्जुमा गरेर प्राप्त सुचकहरुका आधारमा **एक पटकको विवरण सवै सेवामा प्रयोग हुने** गरि ई गभर्नेन्स सेवा विस्तार गरिनेछ।

१११. सार्वजनिक सेवा प्रवाहमा नागरिकहरुको सहभागिताको सुनिश्चितता डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याईनेछ।

११२. आम नगरवासीहरुलाई सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, साईवर सुरक्षा सम्वन्धी सचेतना तथा तालिम नियमित रुपमा सञ्चालन गरि प्रविधीको सदुपयोग गर्दै लगिनेछ।

११३. डिजिटल पालिका निर्माण गर्न डाटा बर्गिकरण,भण्डारण,प्रयोग तथा नष्ट गर्ने प्रकृया निर्धारण गरि कार्यालयको तथ्यांक व्यवस्थापन लाई चुस्त दुरुष्त वनाईनेछ।

११४. सुशासन कायम गर्न नगरपालिका,वडा,स्वास्थ्य संस्था र सवै विद्यालयहरुमा अनिवार्य विद्युतीय हाजिरि सञ्चालनमा ल्याईनेछ।

११५. वन, वातावरण,जल, जमिन, जलाधार, जैविक विविधता, जडिवुटीको संरक्षण एंव प्राकृतिक विविधता र सुन्दरतालाई पर्यटन प्रवर्द्धन संग आवद्ध गरी स्थानीय आय र रोजगारी वृद्धि गरीनेछ।

११६. सरकारका निकाय र विकास साझेदार संस्थाहरुसंगको समन्वयमा सिमसार क्षेत्रमा रहेका मिचाहा प्रजातीका वनस्पतीहरुलाई हटाउदै लगिनेछ।

११७. फोहोर उत्पादन गर्नेले नै फोहोरको स्रोतमै बर्गिकरण गर्ने नीति लिई पालिका/अन्तरपालिका स्तरीय डम्पिङ साइट निर्माण गर्न सार्वजनिक,नीजि साझेदारी गरीनेछ।

११८. वातावरण संरक्षण तथा आवश्यकता अनुसार पानिको संचितिकरण र पूर्न भरण गर्न आकाशे पानी ड्याङ बनाएर रिचार्ज पोखरी वनाउदै लगिनेछ।

११९. स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको संरचना विस्तार गरि प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१२०. नगरपालिका भित्र रहेका जोखिम युक्त नदीहरुमा जैविक तटबन्धलाई विशेष प्राथमिकता दिईनुका साथै साझैदार संस्था र सामुदायिक वनहरुको साझेदारीमा खुला क्षेत्रमा वृक्षारोपण गर्ने कार्य गरिनेछ।

१२१. विपद सम्वन्धी तालिम प्राप्त स्वयमसेवकहरुलाई विपद जोखीम न्युनिकरण सम्वन्धी सचेतना फैलाउन,पूर्व सूचना उपलव्ध गराउन हरेक वडाको टोल टोलमा खटाउने व्यवस्था मिलाईनेछ।

१२२. संस्थागत साझेदारी मार्फत् विपद् व्यवस्थापन कोष तथा सामाग्रीको थप अभिबृद्वी गर्ने कार्यलाइ निरन्तरता दिइ दुर्त राहत,उद्धार तथा पूर्न निर्माण गर्ने कार्यमा जोड दिईनेछ।

१२३. नगरपालिकाको आन्तरिक स्रोतमा बृद्धि गर्न राजश्व सुधार कार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१२४. करको दायरामा नसमेटिएका उद्योग,व्यापार,व्यवसाय लगायतका क्षेत्रहरुलाई नियमित रुपमा नियमन गरी करको दायरामा ल्याईनेछ।

१२५. घुम्ती सेवाका रुपमा सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई पटके करको दायरामा ल्याई नगरपालिकाको आन्तरिक आय वढाईनेछ ।

१२६. डिजिटल कर प्रणाली विकास गरि नागरिकहरुले घर वाटै कर तिर्ने व्यवस्था मिलाईनेछ।

१२७. **"हाम्रो पालिका वनाउन हामि तिर्छौं कर "** भन्ने मुल नाराका साथ करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. नगरपालिकाको कार्यालयबाटै स्थाई लेखा नम्वर जारी गर्ने, कर चुक्ता प्रमाणपत्र उपलव्ध गराउने लगायतका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१२९. भुमि प्रशासन सम्वन्धी प्रदान गरिने सेवाहरु नगरपालिकाको कार्यालयबाटै उपलव्ध गराउन आवश्यक संरचना निर्माण गरि सम्वन्धित निकायमा पहल गरिनेछ।

१३०. स्थानीय कानून तर्जुमा,संशोधन र कार्यान्वयन प्रकृयालाई छिटो,गुणस्तरीय र परिणाममुखी वनाईनेछ।

१३१. स्थानीय न्यायीक समिति प्रति आम नगरवासीहरुको विश्वास वढाउन न्यायीय समितिको कार्यसम्पादन संरचना र प्रणालीमा सुधार गर्दै हरेक वडामा रहेका मेलमिलापकर्ता,भलमन्सा,टोलविकास संस्थाहरुको क्षमता विकास र मेलमिलाप केन्द्रहरुको सुदृढिकरण गर्दै लगिनेछ।

१३२. सार्वजनिक स्रोत साधनहरुको प्रभावकारी परिचालन गर्न आयोजना वैंक सञ्चालन गरि आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजना तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गर्दै लगिनेछ।

१३३. वडा तथा पालिका स्तरीय अनुगमन समितिको क्षमता विकास गरि सूचकमा आधारित नतिजामूलक अनुगमन प्रणालीको विकास गर्दै लगिनेछ ।

१३४. आर्थिक पारदर्शिता र वित्तीय अनुशासन कायम गर्नका लागि आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न खर्च कार्यविधि बनाई कार्यान्वयन गरीनेछ।

१३५. कर्मचारीहरुको मनोवन उच्च पार्न कार्यसम्पदानमा आधारित प्रोत्साहनको व्यवस्था गर्दै सार्वजनिक सेवा प्रवाहलाई चुष्त,दुरुष्त र प्रभावकारी बनाईनेछ साथै करार कर्मचारीहरुको सेवा सुविधालाई समयानुकुल बनाउनुका साथै योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिनेछ।

१३६. नगरपालिकाको क्षमता विकास योजना तयार गरी जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गरीनेछ।

१३७. सार्वजनिक खरिद, राजस्व र प्रशासनीक प्रकृयालाई पारदर्शी,प्रविधीमैत्री र प्रतिष्पर्धात्मक बनाईनेछ,नागरिक विश्वास तथा सुशासन कायम गर्न आवश्यक प्रकृयाको थालनी गरिनेछ।

१३८. नगरपालिकाको विकास निर्माण, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलन लगायतका आधारमा उत्कृष्ट वडाहरु छनोट गर्ने मापदण्ड निर्माण गरी पुरस्कृत गरीनेछ।

१३९. आर्थिक बर्षको पहिलो त्रैमासिक समयलाई बेरुजु फछौंट तथा बेरुजु सम्परीक्षण अवधीको रुपमा निरन्तरता दिईनेछ।

१४०. वडा भित्रको सार्वजनिक सम्पत्ति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको संरक्षण, सम्बर्द्धन तथा अभिलेखीकरण गरिनेछ ।

१४१. नगर भित्रको शान्ती सुरक्षा, विकास निर्माण ,सार्वजनीक सम्पत्तिको संरक्षण लगायतका कार्य गर्न नगर प्रहरीको व्यवस्थापन गरीनेछ ।

१४२. **"सबै वडाको सबैले अनुगमन"** गर्ने गरी नगर कार्यपालिकाको बैठक घुम्ती सेवाका रुपमा हरेक वडामा बस्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१४३. नगरपालिकावाट प्रवाह गरिने सूचनाहरुमा आम नागरिकको सहज पँहुच पूर्याउन स्थानीय सञ्चार माध्यमलाई विशेष प्राथमिकता दिईनेछ ।

१४४. नगरपालिकाको व्यवस्थापन परीक्षण गरि विकासका अन्तर सम्बन्धित विषयहरूमा संघ, प्रदेश, जिल्ला समन्वय समितिका साथ साथै विकास साझेदार संघ संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा नागरिकहरुका सुचीकृत कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा सञ्चालन गर्ने नीति लिईनेछ ।

**अन्तमा,** नगरपालिकाको समग्र विकासमा सहयोग,सहकार्य,समन्वय र साझेदारी गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति,विकास साझेदार संघ संस्था, राजनीतिक दल , नागरिक समाज,नीजि क्षेत्र, गैर सरकारी संस्था, सञ्चारकर्मी लगायत सम्पूर्ण नगरवासी आमा वुवा दाजु भाई तथा दिदि बहिनिहरुमा हार्दिक आधार व्यक्त गर्दै आगामी दिनमा पनि यँहाहरुको थप सहयोग र समन्वयात्मक भुमिका निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने आशा र अपेक्षा गरेको छु ।

साथै यस नीति तथा कार्यक्रम तर्जुमा प्रकृयामा अहोरात्र खटिनुहुने जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

***धन्यवाद***